नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## विकास सहायता समन्वय शाखा

प.सं. २०७५/०७६ (विसस) चलानी संख्याः १४२

मितिः२०७५।६।१०

विषयः न्यूनतम पारिश्रमिक कार्यान्वयन गर्ने सम्वन्धमा ।

श्री केन्द्रिय पंजीकरण विभाग , ववरमहल , काठमाण्डौं ।

श्री स्थानीय पूर्वाधार विभाग, जावलाखेल,ललितपुर ।

श्री प्रशासनिक प्रशिक्षण प्रतिष्ठान,जावलाखेल,ललितपुर ।

श्री निजामती किताबखाना , हरिहरभवन , ललितपुर ।

श्री कर्मचारी प्रशिक्षण प्रतिष्ठान , जावलाखेल, ललितपुर ।

श्री निजामती किताबखाना , मिनभवन,काठमाण्डौं ।

श्री महानगरपालिका/ उपमहानगरपालिका/ नगरपालिका सवै ।

श्री जिल्ला समन्वय समिति सवै ।

श्री गाउँपालिका सवै ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७५।०६।०४ च.नं. ५८ को पत्रानुसार सरकारी, गैरसरकारी र निजी क्षेत्रका निकाय / प्रतिष्ठानहरुमा कार्यरत श्रमिक तथा कर्मचारीहरुले वि.सं. २०७५ श्रावण१गते देखि पाउने गरी न्यूनतम पारिश्रमिक निर्धारण भई २०७५ श्रावण ३१ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशन समेत भैसकेकोले उल्लेखित सवै निकायहरुले सोही वमोजिम निर्णय कार्यान्वयन गर्न गराउन हुन निर्णयानुसार अनुरोध छ। नेपाल राजपत्रमा प्रकाशित सूचनाको छाँया प्रति यसैसाथ संलग्न छ ।

लेखनाथ भट्टराई
शाखा अधिकृत

वोधार्थः

श्री सूचना तथा प्रविधि शाखा– पत्र मन्त्रालयको **Website** मा **Upload** गरी दिन हुन।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, साउन ३१ गते, २०७५ साल (संख्या २०

## भाग ५

### नेपाल सरकार

### श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

### सूचना

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ को दफा १०६ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी संवत् २०७५ श्रावण १ गते देखि लागू हुने गरी न्यूनतम पारिश्रमिक निर्धारण गरी देहाय बमोजिमको व्यवस्था गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) चिया बगान बाहेकका श्रमिकका लागिः

| न्यूनतम पारिश्रमिक | आधारभूत पारिश्रमिक (रु.) | महङ्गी भत्ता (रु.) | जम्मा (रु.) |
|---|---|---|---|
| मासिक | ८५५५/- | ४९९५/- | १३५५०/- |
| दैनिक | ३२५/- | १९२/- | ५१७/- |
| प्रति घण्टा | ४३/- | २६/- | ६९/- |

(ख) चिया बगानमा काम गर्ने श्रमिकका लागिः

| न्यूनतम पारिश्रमिक | आधारभूत पारिश्रमिक (रु.) | महङ्गी भत्ता (रु.) | जम्मा (रु.) |
|---|---|---|---|
| मासिक | ६४६९/- | ४३१२/- | १०७८१/- |
| दैनिक | २३१/- | १५४/- | ३८५/- |
| प्रति घण्टा | ३१/- | २०/- | ५१/- |
| चिया प्रशोधन वा चिया कारखानामा काम गर्ने श्रमिक तथा चिया बगानका सरदार, नाइके र चौकीदारको समेत दैनिक भत्ता | - | - | ४२/- |

द्रष्टव्यः

१. उपर्युक्त पारिश्रमिकको अतिरिक्त श्रम ऐन २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र प्रचलित कानून बमोजिम श्रमिकले पाउने सञ्चयकोष र उपदान लगायतका सुविधा प्रदान गर्नुपर्नेछ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम स्थानीय तह वा नेपाल कानून बमोजिम अन्य निकायलाई न्यूनतम पारिश्रमिक निर्धारण गर्ने अधिकार प्रदान गरिएकोमा त्यस्तो तह वा निकायले पारिश्रमिक निर्धारण गर्दा यो सूचनामा तोकिएभन्दा कम नहुने गरी निर्धारण गर्न सक्नेछन्।

३. उल्लिखित न्यूनतम पारिश्रमिक भन्दा कम पारिश्रमिक लिने दिने गरी कुनै रोजगार सम्झौता गर्न पाईने छैन।

खण्ड ६५, संख्या ४३ मिति २०७२/१०/१८ नेपाल राजपत्र भाग ५ र खण्ड ६१, संख्या ३५ मिति २०६८/०९/११ नेपाल राजपत्र भाग ५ मा प्रकाशित श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सूचनाहरु खारेज गरिएका छन्।

आज्ञाले,

महेश प्रसाद दहाल

नेपाल सरकारको सचिव